AMERICAN EMBASSY

२०७३ फागुन २४

**अमेरिकी दूतावास, काठमाडौंको वक्तव्य**

नेपालका केही क्षेत्रमा देखिएको बढ्दो अस्थिरताको सङ्केत लगायत हालै सप्तरीमा प्रदर्शनकारीहरूको ज्यान जाने गरी भएको झडपप्रति संयुक्त राज्य अमेरिका गम्भीर रूपमा चिन्तित छ । प्रत्येक व्यक्तिले आफ्नो राजनीतिक विचार शान्तिपूर्ण रूपमा व्यक्त गर्ने हक समावेशी लोकतन्त्रको मूल अङ्ग हो, तर राजनीतिक बहसमा हिंसाले स्थान पाउनु हुँदैन । नेपाली जनताले आफ्ना लोकतान्त्रिक अधिकार व्यक्त गर्दैं गर्दा हामी नेपाली सुरक्षा निकायलाई अधिकतम संयम अपनाउन आग्रह गर्दछौं । त्यसै गरी हामी सबै प्रदर्शनकारी र दलहरूलाई अहिंसात्मक रूपमा लोकतान्त्रिक प्रक्रियामा संलग्न रहन आग्रह गर्दछौं ।

नेपाली जनता र नेपाल सरकार ऐतिहासिक स्थानीय निर्वाचनको तयारीमा जुटिरहेको देख्न पाउँदा हामी उत्साहित छौं । संविधान कार्यान्वयन गर्ने र मुलुकका सबै स्थानमा उत्तरदायित्व तथा जवाफदेहिता सुनिश्चित गर्ने दिशामा यो एक महत्त्वपूर्ण कदम हो ।

नेपाली जनता लोकतान्त्रिक मार्गमा अगाडि बढ्दै गर्दा संयुक्त राज्य अमेरिका सबै नेपालीहरूसँग सहकार्य गर्न प्रतिबद्ध छ ।

###